Contact:
Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

**Rastriya Banijya Bank Ltd.**
**Singhadurbar Plaza**
**Kathmandu**

# Press Release

Date: 2074.01.26

## प्रेस विज्ञप्ति

## राष्ट्रिय वाणिज्य बैंक लि.को एघारौं औं साधारण सभा सम्पन्न

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व. २०७२/०७३ को एघारौं साधारण सभा सम्पन्न भएको छ । साधारण सभाले एन.आइ.डी.सी. डेभलपमेन्ट बैंक लि.लाई राष्ट्रिय वाणिज्य बैं लि.ले प्राप्ती गर्ने विशेष प्रस्ताव र आ.व. २०७२/०७३ को वार्षिक प्रतिवेदन पारित गरेको छ ।
बैंक संचालक समितिका अध्यक्ष डा.रबीन्द्र प्रसाद पाण्डेको सभापतित्वमा सम्पन्न सो साधारण सभामा अध्यक्ष पाण्डेले प्रतिवेदन प्रस्तुत गर्नुहुँदै राष्ट्रिय वाणिज्य बैंक विश्वासनीय भएको र नेपालका बैंकहरु मध्ये १ नम्बरको बैंक बनाउने प्रतिबद्धता ब्यक्त गर्नुभयो । सो साधारण सभामा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले स्वागत मन्तब्य प्रस्तुत गर्दै बैंकको समग्र वित्तीय अवस्था, वित्तीय क्षेत्र कार्यक्रम यता हासिल गरेको उपलब्धि तथा भावी योजनाको बारेमा आफ्नो धारण ब्यक्त गर्नुभएको थियो ।
साधारण सभामा बैंकका शेयरधनीहरु क्रमशः नेपाल सरकारका अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय, भैतीक पूर्वाधार तथा यातायात मन्त्रालय, उद्योग मन्त्रालय, वाणिज्य तथा आपूर्ती मन्त्रालय, उर्जा मन्त्रालय, सिंचाइ मन्त्रालयका प्रतिनीधिहरुले राख्नुभएको जीज्ञासाबारे बैंक संचालक समितिका अध्यक्ष डा.रबीन्द्र प्रसाद पाण्डे तथा प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले जवाफ दिनुभएको थियो ।

बैंकको हाल ६८ जिल्लामा १७४ वटा शाखा कार्यालय, १०६ वटा एटिएम, ८४ वटा शाखा रहित बैंकिङ्ग र ६७ वटा शाखाहरुबाट सरकारी कारोबार हुंदै आइरहेको छ । द्वन्द्धकालमा गाभिएका शाखाहरुमध्ये बैंकले हाल ५४ वटा शाखा कार्यालयहरु पुर्नस्थापना गरिसकेको छ । चालु आ.व.को तेस्रो त्रैयमास सम्म बैंकले १ खर्व ३५ अर्व निक्षेप संकलन गरी १ खर्व १ अर्व कर्जा लगानी गरि २ अर्व ७ करोड खुद मुनाफा कमाएको छ । हाल बैंकले आरबीबी मर्चेन्ट बैंकिङ्ग कम्पनी संचालनमा ल्याएको छ भने लघुवित्त कम्पनी खोल्ने प्रक्रियामा रहेको छ ।

सो साधारण सभामा बैंकका संचालक समितिका सदस्यहरु निर्मलहरि अधिकारी, डा. जितेन्द्र प्रसाद उपाध्याय, बद्रुकनाथ ढकाल, ज्ञानेन्द्रराज कोइराला, हरिप्रसाद मुनाकमी, डा. रामदेव सिहं, नायब प्रमुख कार्यकारी अधिकृतद्धय बिष्णु प्रसाद बैद्य, भुपेन्द्र पाण्डे, महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, कबिराज अधिकारी, केसब प्रसाद लम्साल, टेकराज जोशी र विभागीय प्रमुखहरु लगायतको उपस्थिती रहेको थियो । साभारण सभालाई कम्पनी सचिव शम्भुनाथ योगीले सहजीकरण गर्नुभएको थियो ।


राष्ट्रिय वाणिज्य बैंक लि.
आ.व. २०७२/०७३ को
११
वार्षिक

